नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-२०७९/८० (प.का.ए.)
चलानी नं. :- 236

कावि सूचना टाँस गर्ने र वडामा समेत पठाउने

मिति:२०७९/१०/१६

बिषय: सूचना टाँस तथा आवश्यक समन्वय सम्बन्धमा।

श्री बुटवल उपमहानगरपालिका, रुपन्देही
श्री सिद्धार्थनगर नगरपालिका, रुपन्देही
श्री लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही
श्री देवदह नगरपालिका, रुपन्देही
श्री सैनामैना नगरपालिका, रुपन्देही
श्री तिलोत्तमा नगरपालिका, रुपन्देही
श्री रोहिणी गाउँपालिका, रुपन्देही
श्री ओमसतिया गाउँपालिका, रुपन्देही
श्री मायादेवी गाउँपालिका, रुपन्देही
श्री सम्मरीमाई गाउँपालिका, रुपन्देही
श्री कोटहीमाई गाउँपालिका, रुपन्देही
श्री मर्चवारी गाउँपालिका, रुपन्देही
श्री सियारी गाउँपालिका, रुपन्देही
श्री सुद्धोधन गाउँपालिका, रुपन्देही
श्री गैडहवा गाउँपालिका, रुपन्देही
श्री कन्चन गाउँपालिका, रुपन्देही

प्रस्तुत विषयमा यस एकाइको चालु आ. व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्न यस एकाइमा सुचिकृत भएका कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) हरुलाई आवश्यक कागजात सहित मिति २०७९ फागुन १ गते भित्र प्रस्ताव आवेदन पेश गर्न सूचना आव्हान भएको र उक्त सूचना प्रवाहको (सूचनाको छायाँप्रति संलग्न रहेको) लागि तहाँ स्थानिय तहको भूमिका मुख्य हुने हुँदा तहाँ कार्यालय तथा वडा कार्यालयहरुमा सूचना टाँस गरेर आवश्यक सहजीकरण, समन्वय र सहकार्य गरी सो को जानकारी पठाइदिनुहुन अनुरोध छ।

..........................
सुदिप देवकोटा
कृषि अधिकृत

गैडहवा गाउँपालिका
दर्ता नं 1364
दर्ता मिति: २०७९/10/16

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

**पत्र संख्या :-**
**चलानी नं. :-**

# प्रस्ताव आहवान सम्बन्धी सूचना

सूचना नं. २०/२०७९/८०

सूचना प्रकाशित मिति २०७९/१०/१६

यस एकाइको चालु आ.व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) हरुले निम्न आवश्यक कागजात सहित मिति २०७९ फागुन १ गते भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यक्षेत्र एवम् प्रस्तावको लागि न्यूनतम मापदण्ड सम्बन्धी थप जानकारी कार्यालयको वेबसाइट तथा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपशिल:

| क. सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत वजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि पूँजिगत सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | १ पटक | १५ | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका अनुदानग्राहीहरुलाई प्राथमिकता) | चक्लाबन्दी खेती गर्न यन्त्र मैत्री गह्रा सुधार तथा यान्त्रिकरण मेशिनरीको लागि पूँजिगत सहयोग (खाद्यान्न (वसन्ते मकै र चैते धान), दलहन, तरकारी तथा फलफूल बाली आदि) (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| २ | भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | १ वटा | ३० | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | भण्डारण प्राथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापनाका लागि पूर्वाधार तथा प्रशोधन सम्वन्धि मेशिनरी/उपकरणहरु (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ३ | सामुदायिक सिंचाई पुर्वाधार निर्माण | ७ | ३०.६ | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | सामुदायिक सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भारमा बढिमा ५० % अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ४ | मत्स्य नश्ल सुधारको लागी शुद्ध नश्लका माउ माछा सहयोग (कमनकार्प, ग्रासकार्प, सिल्भर कार्प, विगहेड कार्प) | ३ पटक | ४.५ | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा शुद्ध नश्लका माउ माछामा अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ५ | सुपरजोन प्रभाव क्षेत्रमा मत्स्य क्षेत्रफल विस्तार | २० हेक्टर | ६० | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा कम्तीमा एउटा क्लष्टरमा ६ कठ्ठा मत्स्य जलाशय पुग्ने क्षेत्रफल विस्तारका लागि प्रति कठ्ठा जलाशय क्षेत्रफलको बढिमा रु. १०,०००/- अनुदान |
| ६ | स्थानीय तहसंगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | ४ पटक | १० | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा नर्सरी श्रोत केन्द्र स्थापना वा सुदृढीकरणका लागि बढिमा ५० % अनुदान सहयोग |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-

चलानी नं. :-

| क्र.स | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत वजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| ७ | सिल्पोलिन सहित मत्स्य पोखरी सुदृढिकरण (६ कट्ठा भन्दा बढी मत्स्य जलाशय क्षेत्रफल भएको लाई) | ७ हेक्टर | १६.८ | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा ६ कट्ठा भन्दा बढी जलाशय क्षेत्रफलको जीर्ण अवस्थामा रहेको पोखरी सुदृढिकरणका लागि प्रति कट्ठा जलाशय क्षेत्रफलको बढिमा रु ८ हजार अनुदान सहयोग |
| ८ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | २ पटक | ४० | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | माछा सुपरजोन तथा केरा जोन प्रभाव क्षेत्रमा मत्स्य क्षेत्र बिस्तारमा आवश्यक यन्त्र उपकरण, केराको थाम काट्ने मेशिन, ईन्टर कल्टिभेटर, रिपर, आदि लगायतका कृषि यन्त्रिकरणमा बढिमा ५० % अनुदान सहयोग |
| ९ | जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल विस्तार | ७ हेक्टर | २.८ | केरा जोन, नवलपरासी ब. सु. प. कार्यक्षेत्र भित्र | केरा जोन प्रभाव क्षेत्रमा केराको सूचिकृत गुणस्तरीय विरुवामा बढिमा ५० % अनुदान सहयोग |

आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँसेको निर्धारित ढांचाको आवेदन सहित रितपूर्वक भरेको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (माछा वा कृषि) को बैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) को दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति /कृषि उद्यमी (फर्म)को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।
६. क्र.सं. १ र २ को हकमा लागत सहभागीताको सुनिश्चितताको प्रतिबद्धता पत्र।

**थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

**नारायण काफ्ले**
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)